नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

बागलुङ

## आर्थिक ऐन, २०८३ ले करदातालाई प्रदान गरेको विशेष छुट, सुविधा र सहुलियत सम्बन्धी आन्तरिक राजस्व कार्यालय, बागलुङको सूचना!

सूचना प्रकाशित मिति:- २०८३/०६/०२

आर्थिक ऐन, २०८३ ले करदातालाई प्रदान गरेको विशेष छुट, सुविधा र सहुलियतको दफावार विस्तृत विवरण यसै सूचनाका साथमा संलग्न रहेको छ । सम्पूर्ण करदातामा उक्त विवरण अध्ययन गरी आफूलाई उपयुक्त हुने छुट, सुविधा वा सहुलियत लिनका लागि यथाशीघ्र कार्यालयमा सम्पर्क गरी निवेदन पेश गर्नुहुन अनुरोध छ।

केही छुट तथा सुविधाको म्याद यही सम्वत् २०८३ साल असोज मसान्तसम्म मात्र कायम रहने, केही असोज मंसिर मसान्त सम्म मात्र रहेको र बाँकी छुट, सुविधाको म्याद यही सम्वत् २०८३ साल पुष मसान्तसम्म मात्र कायम रहने भएकोले सम्बन्धित सबै करदातालाई अन्तिम म्यादको प्रतिक्षा नगरी यथाशक्य छिटो निवेदन पेश गर्नुहुन अनुरोध छ।

*यस QR code Scan गरी जानकारीमूलक पुस्तिका डाउनलोड गर्नुहोस्।*


थप जानकारीका लागि:-

कार्यालयको सम्पर्क नं. :- ०६८-५२०१२९

वेबसाइट:- https://ird.gov.np/office/irobaglung

इमेल:- iro-baglung@ird.gov.np


..............................

कपिल सिलवाल

प्रमुख कर अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

बागलुङ

प.सं.:- ०८३/०८४
च.नं.:-

मिति:- २०८३/०६/०२
ने.सं. ११४६ ञलाथ्व ७ शुक्रवार

**विषय:- आर्थिक ऐन, २०८३ ले करदातालाई प्रदान गरेको विविध छुट, सुविधाको प्रचार-प्रसार सामग्री सम्बन्धमा।**

श्री गाउँपालिका/नगरपालिका सबै,
बागलुङ, पर्वत, मुस्ताङ, म्याग्दी।

प्रस्तुत विषयमा आर्थिक ऐन, २०८३ ले करदातालाई प्रदान गरेका विशेष छुट, सुविधा र सहुलियत सम्बन्धी यस कार्यालयको संलग्न सूचना तथा सोसँग सम्बन्धित दफावार विस्तृत विवरण (पुस्तिका) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। उक्त सूचना तथा जानकारीमूलक सामग्री तहाँ कार्यालयको आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल र सूचनापाटीमा प्रकाशन गरी सम्बन्धित सम्पूर्ण करदाता माझ जानकारी हुने व्यवस्था मिलाइदिनुहुन तथा यस सम्बन्धमा आवश्यक सहजीकरण तथा समन्वय गरिदिनुहुन हुन अनुरोध छ ।

साथै, यस सूचनासँग सम्बन्धित थप जानकारी आवश्यक परेमा सम्बन्धित करदाताहरूलाई यस कार्यालयमा सिधै सम्पर्क राख्न समेत जानकारी गराइदिनुहुन अनुरोध छ ।

..............................
(कपिल सिलवाल)
प्रमुख कर अधिकृत

बोधार्थ:
श्री जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ,
श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्वत
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ,
श्री जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दी।